असोज – १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

| वर्ष २३, अङ्क ११ | २०७१, असोज १-१५ | पूर्णाङ्क ५३३ |
| --- | --- | --- |



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

**माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत - अध्यक्ष**
**माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत - सदस्य**
**नायव महान्यायाधिवक्ता श्री राजनारायण पाठक, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय - सदस्य**
**अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन - सदस्य**
**अधिवक्ता श्री अरविन्द कुमार सिंह, प्रतिनिधि, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य**
**निर्देशक प्रा.डा.श्री युवराज संग्रौला, प्रतिनिधि, काठमाडौं स्कुल अफ ल - सदस्य**
**सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत - सदस्य सचिव**

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री ढाकाराम पौडेल
शाखा अधिकृत श्री राजन बास्तोला
ना.सु.श्री कृष्णबहादुर गुरुङ
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**बिक्री शाखामा कार्यरत् कर्मचारीहरू**

डि.श्री नरबहादुर खत्री
कार्यालय सहयोगी श्री विदुरप्रसाद सापकोटा

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री गीता न्यौपाने
सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मिस्त्री श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
अफसेट प्रेसम्यान श्री सोभा सिग्देल
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भै यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष | २ |
| संयुक्त | ४ |
| इजलास नं. १ | ५ |
| इजलास नं. २ | ५ |
| इजलास नं. ३ | ३ |
| इजलास नं. ४ | १ |
| इजलास नं. ५ | २ |
| इजलास नं. ६ | ८ |
| इजलास नं. ७ | १ |
| इजलास नं. ८ | २ |
| इजलास नं. ९ | ५ |
| अन्तरिम आदेश | १२ |
| जम्मा | ५० |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसंग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रु.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, सर्वोच्च अदालत एनेक्स भवन
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७१, भदौ – १, पृष्ठ १०

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवं अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजूरी र सुझाव भए सर्वोच्च अदालत, प्रधान न्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

१६६०—०१—३३३—५५

वा

**इमेल ठेगाना**

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

---

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत छापाखाना, रामशाहपथ, काठमाडौं ।

# विषयसूची


| क्र. सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **विशेष इजलास** | | | **१-२** |
| १. | उत्प्रेषण परमादेश | रम्भादेवी श्रेष्ठ वि. गोपालकृष्ण श्रेष्ठसमेत | |
| २. | उत्प्रेषण परमादेश | जगदेश चौधरीसमेत वि. वीर अस्पताल, काठमाडौंसमेत | |
| **संयुक्त इजलास** | | | **२-४** |
| ३. | बन्दी प्रत्यक्षीकरण | सरस्वती उपाध्याय पन्थी वि. नेपाली सेनाको गोरख बक्स गुल्म मुकाम जनकपुरसमेत | |
| ४. | जबर्जस्ती करणी | नेपाल सरकार वि. बामदेव जोशी | |
| ५. | उत्प्रेषण परमादेश | मुकेशराज काफ्ले वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ६. | परमादेश | श्यामसुन्दर सुतिहार वि. शिक्षा मन्त्रालय, काठमाडौंसमेत | |
| **इजलास नं. १** | | | **४-६** |
| ७. | लेनदेन | बिनोद चौधरी कलवार वि. सतो चौधरी कलवार | |
| ८. | अदालतको अवहेलना | कोशिया चौधरी वि. सिंहबहादुर राईसमेत | |
| ९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. भुपाल लिम्बु | |
| १०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. लालबहादुर सुतपराई | |
| ११. | कर्तव्य ज्यान | नेपाल सरकार वि. टङ्कप्रसाद निरौला | |
| **इजलास नं. २** | | | **६-८** |
| १२. | उत्प्रेषण परमादेश | जितेन्द्र सिंहसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत | |
| १३. | उत्प्रेषण परमादेश | शालीकराम जमकट्टेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| १४. | उत्प्रेषण परमादेश | महेश दत्त वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| **इजलास नं. ३** | | | **८-९** |
| १५. | लुटपीट | पशुपति गौतम वि. मु.स. गर्ने श्यामबहादुर गौतमसमेत | |
| १६. | उत्प्रेषण परमादेश | इन्दुभूषण झा वि. सिंचाई मन्त्रालयसमेत | |
| १७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. इन्द्रमान स्याङतान | |
| **इजलास नं. ४** | | | **९** |
| १८. | निषेधाज्ञा | ज्योतिकुमारी थापा (शाह) वि. पवन विक्रम थापासमेत | |
| **इजलास नं. ५** | | | **९-११** |
| १९. | सवारी ज्यान | नेपाल सरकार वि. कालु चौधरी | |
| २०. | कर्तव्य ज्यान | चक्रसिंह ठगुन्ना वि. नेपाल सरकार | |

| | | |
|---|---|---|
| **इजलास नं. ६** | | **११-१४** |
| २१. | उत्प्रेषण परमादेश | सुनिलकुमार यादव वि. लोकसेवा आयोग, के.का. काठमाडौंसमेत |
| २२. | उत्प्रेषण परमादेश | नारायणबहादुर भण्डारीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| २३. | डाँका | नेपाल सरकार वि. मानबहादुर लामासमेत |
| २४. | जालसाजी | सम्भारी गोडिया वि. कोलीराम गोडियासमेत |
| २५. | बहुविवाह | नेपाल सरकार वि. जीवना भण्डारी (लामिछाने) |
| **इजलास नं. ७** | | **१४-१५** |
| २६. | गैडाको खाग ओसारपसार | प्रकाश बुढासमेत वि. नेपाल सरकार |
| **इजलास नं. ८** | | **१५-१६** |
| २७. | कर्तव्य ज्यान | प्रेमबहादुर गुरूङ वि. नेपाल सरकार |
| २८. | लागु औषध | मोहमद फैज वि. नेपाल सरकार |
| **इजलास नं. ९** | | **१६-१८** |
| २९. | परमादेश | देवीप्रसाद अधिकारी वि. जिल्ला प्रहरी कार्यालय, झापासमेत |
| ३०. | कर्तव्य ज्यान | सीता घिमिरे (श्रेष्ठ) वि. नेपाल सरकार |
| ३१. | कर्तव्य ज्यान | बाबुराम भन्ने चित्रबहादुर खत्री वि. नेपाल सरकार |
| ३२. | लागु औषध | मानबहादुर खड्का वि. नेपाल सरकार |
| ३३. | परमादेश | नेत्रबहादुर के.सी. वि. भौतिक योजना, निर्माण तथा यातायात मन्त्रालयसमेत |
| **अन्तरिम आदेश** | | **१८-२२** |
| ३४. | उत्प्रेषण | सचित खण्डेलवाल वि. औषधि व्यवस्था विभाग, बिजुलिबजार, काठमाडौंसमेत |
| ३५. | उत्प्रेषण | अनुपराज सत्याल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत |
| ३६. | उत्प्रेषण | मनोज सुवेदी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ३७. | उत्प्रेषण | राधिका पनेरूसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत |
| ३८. | उत्प्रेषण | चन्द्रा भारती वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत |
| ३९. | उत्प्रेषण | वीरबहादुर भण्डारी वि. शिक्षा मन्त्रालयसमेत |
| ४०. | परमादेश उत्प्रेषण | डम्बरबहादुर गुरूङ वि. जि.प्र.का. बबरमहलसमेत |
| ४१. | उत्प्रेषण परमादेश | रमेशकुमार चन्दसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत |
| ४२. | उत्प्रेषण | प्रदीपजङ्ग पाण्डे वि. काठमाडौं जिल्ला अदालतसमेत |
| ४३. | उत्प्रेषण | सुशीला गौतमसमेत वि. जि.प्र.का. बबरमहलसमेत |
| ४४. | उत्प्रेषण | विष्णुप्रसाद तिमिल्सिना वि. नेपाल विद्युत प्राधिकरण रत्नपार्कसमेत |

## विशेष इजलास

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-WS-००६९, ००५३, उत्प्रेषण/परमादेश, *रम्भादेवी श्रेष्ठ वि. गोपालकृष्ण श्रेष्ठसमेत, अधिवक्ता प्रवीणता वस्तीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

विहावरीको महलको १ नं. बमोजिम हाडनाताभित्र विवाह हुन गएकोमा लोग्ने स्वास्नीलाई छुट्ट्याई दिनुपर्ने र सोही महलको ८ नं. ले झुक्यानमा परी विवाह हुन गएकोमा त्यस्तो झुक्यानमा परी विवाह गर्नेले मञ्जूर नगरे विवाह बदर हुनसक्ने व्यवस्था गरेको हुँदा सो व्यवस्थाले महिलालाई बाँच्न पाउने हकमा आघात पुर्‍याएको भन्न नमिल्ने ।

बहुविवाह गरेमा त्यस्तो विवाह दण्डनीय मात्र नभई स्वतः बदरको व्यवस्था हुनुपर्ने भनी विहावरीको महलको ९, ९क र १० नं. को बदरको माग रहेतर्फ विचारगर्दा मुलुकी ऐन, विहावरीको महलको ९ र ९क ले निश्चित गरेको अवस्थामा बाहेक त्यस्तो अपराधजन्य कार्य गरेमा सोही महलको १० नं. ले बहुविवाहलाई दण्डनीय अपराधको रूपमा स्वीकार गरी बहुविवाहको कार्यलाई नै निरूत्साहित गर्ने प्रयास गरेको छ । कानूनले बहुविवाहलाई बर्जित गर्दागर्दै कसैले विवाह गरेमा त्यस्ता व्यक्तिलाई कानूनको उल्लङ्घन गरेबापत दण्ड सजाय हुने व्यवस्था गरेको अवस्थामा त्यसरी सजायको व्यवस्था गरेको विधायिकी कानूनको औचित्यमा प्रवेश गर्न नमिल्ने ।

मुलुकी ऐन, अंशबन्डाको महलको १, २, ४, ५, ८ र १९(२) नं., अपुतालीको महलको ६ र ८ नं. र विहावरीको महलको १, ८, ९क र १० नं. का प्रावधानहरू नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३, १६, १८, १९, २०, २२ र २९ सँग बाझिएको नदेखिँदा मागबमोजिमको आदेश जारी हुने अवस्था भएन । प्रस्तुत दुबै रिट निवेदनहरू खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल पुस २५ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-WS-००७५, उत्प्रेषण/परमादेश, *अधिवक्ता जगदेश चौधरीसमेत वि. वीर अस्पताल, काठमाडौंसमेत*

पदपूर्ति गर्दा सार्वजनिकरूपमा विज्ञापन प्रकाशन गराउने प्रावधानहरूसमेत लागू गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी गरिपाउँ भन्ने निवेदन जिकीर रहेतर्फ विचार गर्दा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (शिक्षक सेवाका शर्त तथा सुविधासम्बन्धी) नियमावली, २०६४ को नियम ९ मा खुल्ला वा आन्तरिक प्रतियोगिता परीक्षाको माध्यमबाट उम्मेद्वारको छनौट गर्दा सार्वजनिकरूपमा विज्ञापन गर्नुपर्ने गरी व्यवस्था भएको देखिँदा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानमा रिक्त रहेका शिक्षक पदमा खुल्ला वा आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति गर्दा सार्वजनिकरूपमा विज्ञापन हुँदैनकि भनी काल्पनिक धरातलमा रही शङ्का गर्नुपर्ने कुनै स्थिति छैन । सार्वजनिकरूपमा विज्ञापन प्रकाशन गर्ने कानूनी दायित्व सम्बन्धित निकायको भएको र पद रिक्त भएमा कानूनमा व्यवस्था भएबमोजिम सार्वजनिकरूपमा विज्ञापन प्रकाशन गर्ने कानूनी दायित्व सम्बन्धित निकायको भएको र पद रिक्त भएमा कानूनमा व्यवस्था

भएबमोजिम सार्वजनिकरूपमा विज्ञापन हुने नै हुँदा हालसम्म पदपूर्तिको कुनै सूचना नै नभएको अवस्थामा निवेदकहरूको हक हनन् हुने अवस्था नभएकोले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (शिक्षक सेवाका शर्त तथा सुविधासम्बन्धी) नियमावली, २०६४ को नियम ७, ३६ तथा ३८(१)(क) का कानूनी प्रावधानहरू नेपालको अन्तरिम संविधान, २०६३ को १३(३) को प्रतिबन्धात्मक वाक्यांश, धारा २१ र १३८ सँग बाझिएको नदेखिएकोले मागबमोजिम आदेश जारी हुनसक्ने अवस्था नभएबाट प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल पुस २५ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** रि.नं. ०६९-WH-०००४, बन्दीप्रत्यक्षीकरण, *सरस्वती उपाध्याय पन्थी वि. नेपाली सेनाको गोरख बक्स गुल्म मुकाम जनकपुर, धनुषासमेत*

रकम तथा सुविधाहरू सम्बन्धित निकायबाट कानूनबमोजिम प्रदान गरिने विषय भएको देखिन आउँछ । नेपाली सेनामा कार्यरत् रहेको व्यक्ति बेपत्ता भई निजको स्थिति अज्ञात रहेको अवस्थामा निजको हकवालाले पाउनुपर्ने रकम वा सुविधा कमबेशी भयो वा नेपाली सेनामा कार्यरत् व्यक्ति बेपत्ता भएको कारण कुनै थप रकम सुविधा वा क्षतिपूर्तिसमेत पाउनुपर्ने अवस्था भएर नपाइएको स्थितिमा सो सम्बन्धमा अलगगै दावी लिने विषय हुन आउँछ । यस स्थितिमा प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदनमा विद्वान कानून व्यवसायीहरूले जिकीर लिनुभएको क्षतिपूर्ति रकम सम्बन्धमा केही बोलिरहनुपर्ने नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल भदौ २६ गते रोज ४ शुभम् ।

२

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** रि.नं. ०६८-CR-०३८८, जबर्जस्ती करणी, *नेपाल सरकार वि. बामदेव जोशी*

१६ वर्ष नाघिसकेर बालिग भएपश्चात् पटकपटक प्रतिवादीसँग करणी भएको र सो करणी इच्छाविरूद्धको भए पीडित प्रतिवादीले गर्नुपर्ने वा अरूलाई भन्नुपर्नेमा सो केही नगरी पीडितको कोठामा प्रतिवादी र पीडित आपत्तिजनक अवस्थामा भेटिएपछि र प्रहरी चौकीमा कुरा नमिलेपछि मात्र जबर्जस्ती करणीको जाहेरी परेको देखिन आएको अवस्थालाई जबर्जस्ती करणीको वारदात भएको भन्न नमिल्ने हुँदा सुरू कैलाली जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीलाई अभियोग दावीबाट सफाइ दिने ठहर्‍याएको पुनरावेदन अदालत, दिपायलको मिति २०६८।२।९ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० कात्तिक १२ गते रोज ३ शुभम् ।

३

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** रि.नं. ०७०-WO-०६२७, उत्प्रेषण/परमादेश, *मुकेशराज काफ्ले वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

नेपाल सरकार, ऊर्जा मन्त्रालयबाट मिति २०६८।८।१५ मा प्रकाशित सूचनाअनुसार नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक पदको लागि लिइएको खुला प्रतिस्पर्धात्मक परीक्षामा रामेश्वर यादव मुख्य उम्मेद्वार र यी निवेदक मुकेशराज काफ्ले वैकल्पिक उम्मेद्वारको रूपमा सिफारिश भएकोमा विवाद देखिँदैन । नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक पदका मुख्य उम्मेद्वार रामेश्वर यादव भ्रष्टाचारको कसुरमा मिति २०७०।५।९ मा निलम्बनमा परेको कारणबाट नेपाल सरकार, ऊर्जा मन्त्रालय र रामेश्वर यादवबीच मिति २०७०।१।१२ मा सम्पन्न कार्यसम्पादन सम्झौताबमोजिम त्रैमासिक तथा पछिल्लो ६ महिनाको कार्यसम्पादन मूल्याङ्कन हुन नसकेको अवस्थामा रामेश्वर यादव नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक पदमा बहाल रही रहेको भन्न नमिल्ने हुँदा वैकल्पिक उम्मेद्वारको रूपमा सिफारिश भएका यी निवेदक मुकेशराज काफ्लेलाई रिक्त रहेको कार्यकारी निर्देशक पदमा तत्काल नियुक्ति दिनुपर्नेमा नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक वा महाप्रबन्धकको सेवाको शर्त तथा सुविधासम्बन्धी विनियमावली, २०६१ मा मिति २०७०।५।१६ मा संशोधन गरी नेपाल सरकारको सहसचिव अर्जुनकुमार कार्कीलाई नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकको पदमा कामकाज गर्न खटाउने गरी मन्त्रिपरिषद्बाट भएको मिति २०७०।५।१७ को निर्णय बद्नियतपूर्ण रहेको देखिने ।

नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक पदमा मुख्य उम्मेद्वार रामेश्वर यादवलाई नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६९।८।१९ को निर्णयानुसार नियुक्ति गरी नेपाल सरकार, ऊर्जा मन्त्रालय र रामेश्वर यादवबीच २०७०।१।१२ मा कार्यसम्पादन सम्झौता भएकोमा रामेश्वर यादवउपर भ्रष्टाचारको कसुरमा विशेष अदालतमा मिति २०७०।५।९ मा मुद्दा दायर भई सोही मितिबाट निज स्वतः निलम्बनमा परेकोले उल्लिखित कार्यसम्पादन सम्झौताबमोजिम त्रैमासिक तथा पछिल्लो ६ महिनाको कार्यसम्पादन मूल्याङ्कन हुन नसकी रिक्त हुन आएको नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक पदमा वैकल्पिक उम्मेद्वारको रूपमा सिफारिश भएका निवेदक मुकेशराज काफ्लेलाई तत्काल नियुक्ति दिई कामकाज गर्न लगाउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल साउन १४ गते रोज ४ शुभम् ।

४

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** रि.नं. ०६८-WO-०९२२, परमादेश, *श्यामसुन्दर सुतिहार वि. शिक्षा मन्त्रालय, केशरमहल, काठमाडौंसमेत*

निवेदक श्यामसुन्दर सुतिहारले एसएलसी परीक्षा पास गरी प्राथमिक तहको शिक्षक पदमा कार्यरत् रहेको अवस्थामा शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी, भक्तपुरबाट सञ्चालित प्राथमिक शिक्षक तालिमका विभिन्न चरणमा सहभागी भई २०६३ सालमा १० महिने सेवाकालीन तालिम पूरा गरेको मिसिल संलग्न प्रमाणहरूको प्रतिलिपिबाट देखिन्छ । विद्यालयमा कार्यरत् शिक्षकहरूलाई दिइने यस्तो सेवाकालीन तालिमबाट प्राथमिक तहमा कार्यरत् शिक्षकहरूको आधारभूत क्षमता अभिवृद्धि गर्नलाई मद्दत पुर्‍याउँदछ । तालिममा राखिएको विषय एवं पूर्णाङ्क जे जस्तो राखिएको भए तापनि तालिमको उद्देश्य भनेको कार्यरत् संस्थामा आबद्ध जनशक्तिको क्षमता अभिबृद्धि गर्नुको साथै निजहरूको काम, कारवाहीलाई नयाँ

सिद्धान्त, प्रणाली एवं सीपको विकास हुने गरी दिइने व्यावहारिक ज्ञान हो । यसले कुनै पनि संस्थामा कार्यरत् जनशक्तिलाई पुनर्ताजगी प्रदान गर्दछ । तर उच्च माध्यमिक शिक्षा परिषद्बाट सञ्चालित दशजोड दुई (१०+२) एवं त्रिभुवन विश्वविद्यालयबाट सञ्चालित प्रमाणपत्र तहको अध्ययन गरिने प्राज्ञिक कोर्षबाट विद्यार्थीहरूलाई मुख्य सैद्धान्तिक ज्ञान प्रदान गर्ने गरिन्छ । त्यसैले सेवकालीन तालिमलाई प्राज्ञिक कोर्षसरह समानस्तरमा राखी समकक्षता निर्धारण गर्न नमिल्ने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७१ साल असार ३२ गते रोज ४ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** ०६७-CI-०६१९, लेनदेन, *बिनोद चौधरी कलवार वि. सतो चौधरी कलवार*

पुनरावेदक प्रतिवादीले मिति २०६०।६।२४ को लिखतको साँवा ब्याज वादीलाई बुझाएको भनी पेश गरेको मिति २०६१।११।१३ को भरपाईलाई कीर्ते ठहर्‍याई वादी दावीबमोजिम सावाँ ब्याज भराई दिन र प्रतिवादीले कीर्ते भरपाई पेश गरेको ठहरेकाले कीर्ते कागजको १० नं. को कानूनी व्यवस्थाबमोजिम बिगो खुलेकोमा सो बिगोको सयकडा २५ का दरले हुने अङ्क जरीवाना गर्नुपर्ने हुँदा सोबमोजिम पुनरावेदक प्रतिवादी बिनोद चौधरीलाई रू.४५,७९३।- जरीवाना हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६६।४।११ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः ममता खनाल

कम्प्युटरः मन्जिता ढुङ्गाना

इति संवत् २०७१ साल वैशाख १४ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** ०६७-MS-०००९, अदालतको अवहेलना, *कोशिया चौधरी वि. सिंहबहादुर राईसमेत*

प्रमाण पेश नगर्दै यी निवेदिकाको वारिस नारायणदास श्रेष्ठले अदालतबाट तोकिएको मिति २०६८।३।१६ को तारिख गुजारी बसेको देखिन्छ भने विपक्षीहरू सिंहबहादुर राईले २०६७।१२।२४ को तथा देवीमाया कटुवालले २०६८।१०।१९ को तारिख गुजारी हाल दुबै पक्षले तारिख गुजारी सकेको र कानूनको म्यादभित्र सो गुज्रेको तारिख थमाएको देखिँदैन । अवहेलनालगायतका कुनै फौजदारी मुद्दामा आफ्नो दावी प्रमाणित गर्ने भार दावी लिने पक्षउपर नै हुनेमा निज निवेदकले दावी प्रमाणित नगर्दै तारिख गुजारी बसेको र कानूनको म्यादभित्र थमाएको पनि नदेखिएको एकातिर छ भने उक्त समाचार प्रकाशन गर्ने राजधानी दैनिक, यसका समाचारदाता, सम्पादक र प्रकाशकलगायत कसैउपर दावी लिन सकेको समेत नदेखिँदा समाचारपत्रउपर दावी नै नभएको अवस्थामा प्रस्तुत निवेदनबाट कुनै कारवाही गर्न मिलेन । दुबै पक्षले तारिख गुजारी बसेकोले अ.बं. १७९ नं. बमोजिम प्रस्तुत मुद्दा डिसमिस हुने ।

इजलास अधिकृतः ममता खनाल

इति संवत् २०७१ साल वैशाख १४ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०७०-RC-००७०, कर्तव्य

ज्यान, *नेपाल सरकार वि. भुपाल लिम्बु*

वारदात हुँदाको अवस्थामा आफूले गरेको कार्यको प्रकृति र परिणाम छुट्ट्याउन नसक्ने गरी प्रतिवादी भुपाल लिम्बुको मानसिक सन्तुलन बिग्रिएको नभई सामान्य अवस्थाको देखिएकोले धनकुटा जिल्ला अदालतको फैसला उल्टी गरी अभियोग माग दावीबमोजिम प्रतिवादी भुपाल लिम्बुलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत, धनकुटाको फैसला अन्यथा देखिन नआउने ।

मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कम सजायको राय व्यक्त गर्दा माथि उल्लेख भएका विभिन्न कारणहरूमध्ये के कस्ता कारणहरूको विद्यमानता रहेको छ भन्ने कुराहरू खुलाई न्यायकर्ताले सजाय घटाउने राय व्यक्त गरेको हुनुपर्दछ । मिसिलबाट देखिएको तथ्यलाई एकातर्फ पन्छाएर न्यायकर्तालाई चित्तमा लागेको भन्ने मात्र आधारमा सजाय कम गर्न मिल्दैन । साथै न्यायकर्तालाई चित्तमा लाग्ने भन्ने कुरा निरपेक्षरूपमा मनोगत हुन सक्दैन । न्यायकर्ताले कानूनबमोजिम निर्धारण भएको सजायलाई कम गर्दा सजाय कम हुनुपर्ने आधार र कारणहरूको विश्लेषण गरी निष्कर्षमा पुगेको हुनुपर्ने ।

भवितव्य हो कि जस्तो नदेखिएकोले यस्तो पटकपटक ज्यान मार्ने जस्तो कार्य गर्ने व्यक्तिलाई कानूनले हुने सजायभन्दा घटी सजाय गर्दा न्याय कानून एवं पीडित र निजको परिवारप्रति न्याय नहुने हुँदा अन्य लगाउ मुद्दामा व्यक्त भएको आधार उल्लेख गरी पुनरावेदन अदालत, धनकुटाले प्रतिवादी भुपाल लिम्बुको हकमा व्यक्त गरेको रायसँग सहमत हुन नसकिने ।

इजलास अधिकृत : भद्रकाली पोखरेल

कम्प्युटर : मन्जिता ढुङ्गाना

इति संवत् २०७१ साल असार २० गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०७०-RC-००७४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लालबहादुर सुतपराई*

प्रतिवादी लालबहादुर सुतपराई कामको सिलसिलामा विदेश भारत गएको अवस्थामा निजको श्रीमती शर्मीला सुतपराईसँग पीडित चन्द्रबहादुर चन्दले अनुचित यौन सम्बन्ध राख्न देउ भनी मानसिकरूपमा तनाव दिने गरेको र वारदातको मिति २०६८।१२।२९ गतेको दिन पनि चन्द्रबहादुर चन्दले प्रतिवादीको घर कोठामा निजको श्रीमतीसँग अनैतिक सम्बन्धको प्रयास गरेको जरियाबाट प्रस्तुत वारदात हुन पुगेको देखिन्छ । वारदात हुनुभन्दा अगाडि चन्द्रबहादुर चन्दले प्रतिवादीको घरमा निजको श्रीमतीको संवेदनशील अङ्ग समाउनेलगायतका कार्य गरेको र मृतक पूर्णबहादुर गुरूङले घरको ढोकामा बसी भित्र बाहिर गरिरहेको देखी सम्झाई बुझाई गर्दा भनाभन भएको र तपश्चात् निज पूर्णबहादुर गुरूङ र चन्द्रबहादुर चन्दउपर तर्साउने उद्देश्यले भरूवा बन्दुक प्रहार गरेको भन्ने बयान अदालतमा समेत गरेको देखिन्छ । प्रतिवादीले गरेको बयान निजको श्रीमती एवं उक्त वारदातको कारक पक्षको रूपमा रहेकी शर्मीला सुतपराई मगरले अदालतमा गरेको बकसपत्रबाट पनि पुष्टि हुन आएको छ । घटनाका पीडित चन्द्रबहादुर चन्दले समेत घटना घट्ने समयभन्दा अगाडि स्थानीय पसलमा पूर्णबहादुर गुरूङ, प्रतिवादी लालबहादुर सुतपराई र आफ्नाबीचमा प्रतिवादीको श्रीमतीसँगको अनैतिक यौन सम्बन्धका बारेमा विवाद भएको तथ्य उल्लेख गर्दै अदालतमा उपस्थित भई बकपत्र गरेको देखिन्छ । यसरी मृतक पूर्णबहादुर गुरूङ र पीडित चन्द्रबहादुर चन्दले आफ्नो श्रीमतीसँग अनैतिक सम्बन्ध राख्ने गरेको

भन्ने सम्बन्धमा विवाद भएको र सोही विवादको परिणामस्वरूप आक्रोश वा आवेगमा आई बन्दुक प्रहार गर्दा पूर्णबहादुर गुरूङको ज्यान गएको अवस्थासमेतलाई मध्यनजर राखी ऐनबमोजिमको सजाय गर्दा चर्को पर्ने देखिएकोसमेतका आधार र कारण खोली प्रतिवादी लालबहादुर सुतपराईलाई मुलुकी ऐन, अदालती बन्दोवस्तको १८८ नं. बमोजिम १३(तेह्र) वर्षमात्रको सजाय गर्न व्यक्त गरेको पुनरावेदन अदालत, दिपायलको राय मनासिब नै देखिने ।

प्रतिवादी लालबहादुर सुतपराई मगरले प्रहार गरेको भरूवा बन्दुकको छर्रा घाँटीमा लागी पूर्णबहादुर गुरूङको ज्यान गएतर्फ मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. बमोजिमको कसुर अपराधमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय र पीडित चन्द्रबहादुर चन्दको ज्यान मार्ने उद्योग गरेतर्फ मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १५ नं. बमोजिमको कसुर अपराधमा सोही महलको १५ नं. बमोजिम ५ वर्ष कैदको सजाय ठहर गरेको कैलाली जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, दिपायलको मिति २०७०।६।१ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृतः भद्रकाली पोखरेल

कम्प्युटरः मन्जिता ढुङ्गाना

इति संवत् २०७१ साल असार २० गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०७०-RC-००६२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. टङ्कप्रसाद निरौला*

प्रतिवादी टङ्कप्रसाद निरौलाले आफ्नो श्रीमती मुना निरौलालाई आफ्नै घर कोठामा सुतिरहेको अवस्थामा बिहान ४.३० बजेको समयमा कोही कसैको उपस्थित हुन नसक्ने मौकामा बन्चरो जस्तो जोखिमी हतियारले निर्मम तरिकाले टाउको कन्चट जस्तो संवेदनशील स्थानमा प्रहार गरी हत्या गरेको अवस्था हुँदा निज प्रतिवादी टङ्कप्रसाद निरौलालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको तेह्रथुम जिल्ला अदालतको मिति २०६९।६।७ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, धनकुटाबाट मिति २०६९।११।१५ मा भएको फैसला मिलेको देखिँदा साधक सदर हुने ।

इजलास अधिकृतः भद्रकाली पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सेना

इति संवत् २०७१ साल असार २० गते रोज ६ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-WO-००९७, उत्प्रेषण/परमादेश/प्रतिषेध, *जितेन्द्र सिंहसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत*

रिट निवेदक प्रतिस्पर्धाबाट अर्को व्यक्ति नियुक्त भई नआएसम्मको लागि मात्र महाप्रबन्धक पदको कामकाज गर्न तोकिएको र अर्को व्यक्ति नियुक्त भई आइसकेपश्चात् पनि निजले महाप्रबन्धक पदको कामकाज गरिरहन पाउने भन्ने प्रश्नै नरहने ।

रिट निवेदकले नियुक्ति पाएको खानेपानी संस्थानको सञ्चालक समितिको अध्यक्षको पदबाट नै राजीनामा दिई सेवा निवृत्त भइसकेको अवस्था देखिनुको साथै खानेपानी संस्थानको महाप्रबन्धकको पदमा नेपाल सरकारले अर्को व्यक्तिलाई नियुक्ति गरी पठाइसकेको समेतको अवस्था विद्यमान देखिँदा निजद्वारा दायर प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेको अवस्था

देखिने ।

रिट निवेदकले नेपाल खानेपानी संस्थानको अध्यक्षको पदबाट राजीनामा दिइसकेको र सो संस्थानको महाप्रबन्धकको पदमा प्रतिस्पर्धाबाट अर्को व्यक्ति नियुक्त भई आइसकेको समेतको अवस्थामा निजको निवेदन मागबमोजिम विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई कुनै कामकारवाही अगाडि नबढाउनु भनी आदेश गर्नुको औचित्य नै समाप्त भएको भन्ने उल्लिखित विवेचित आधार र कारणबाट प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल पुस ७ गते रोज १ शुभम् ।

- ०६८-WO-१३०६, उत्प्रेषण/परमादेश, *जितेन्द्र सिंह वि. शहरी विकास मन्त्रालयसमेत*
- ०६७-WO-०९८६, उत्प्रेषण/परमादेश, *महेश दत्त वि. भौतिक योजना तथा निर्माण मन्त्रालयसमेत*

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-WO-०३१८, उत्प्रेषण/परमादेश, *शालीकराम जमकट्टेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत*

विशुद्ध आपराधिक प्रकृतिको प्रस्तुत रिट निवेदनसँग सम्बन्धित ज्यान मार्ने उद्योग मुद्दा सरकारबाट कुनै उचित आधार र कारणबेगर नै फिर्ता लिने निर्णय गरिएको देखिएबाट उक्त नजिर सिद्धान्तको विपक्षी नेपाल सरकारबाट स्पष्ट उल्लङ्घन हुन गएको अवस्था देखिने ।

आफूले चलाएको मुद्दामा प्रतिवादी फरार भई न्यायिक प्रक्रियामा असंलग्न रहने वा त्यसबाट भाग्ने उम्कने कोशिस गरिरहेकै बेला एवं सरकारवादी फौजदारी मुद्दा दायर गर्ने वादीको भूमिकामा रहेको सरकारले मुद्दा फिर्ता लिने निर्णय लिन्छ भने त्यस अवस्थामा मुद्दा चलाउने सरकारी निर्णयउपर नै प्रश्न उठाउने अवस्था आउनसक्छ । यस्तो दोहोरो मापदण्ड अपनाउन सरकारको निमित्त सुहाउने कुरा हुँदैन । सरकारले मुद्दा चलाउँदा वा फिर्ता लिँदाको अवस्थामा समेत हमेशा स्वच्छता (Fairness) को प्रत्याभूति दिइरहनुपर्ने हुन्छ । बाध्यकारी प्रभाव वा आकर्षण वा आन्तरिक स्वार्थ संयोजनको कारणले कानूनबमोजिम मुद्दा चलाई विचाराधीन रहेकै अवस्थामा त्यसको स्वाभाविक न्यायिक परिणाममा पुग्न नदिई हस्तक्षेपकारी सोचका साथ स्वयं जिम्मेवार कार्यकारी निकायले अदालतले मुद्दा फिर्ता सम्बन्धमा अपनाउनुपर्ने गरी विकास गरेको सामान्य सिद्धान्त एवं मार्गदर्शनको विपरीत अपवादात्मक शैली अपनाउँछ भने सरकारले मुद्दा चलाएका अन्य प्रतिवादीहरूले सरकारी अभियोजनको वाञ्छनीयता र स्वीकार्यता जोखिममा पर्न जाने ।

मुद्दा फिर्ता लिनेसम्बन्धी प्रचलित कानून एवं यस अदालतबाट प्रतिपादित नजीर सिद्धान्तसमेतको प्रतिकूल रहेको आधार र कारणबाट त्यस्तो निर्णय कायम रहन नसक्ने भई उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल असार २४ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-WO-११११, उत्प्रेषण/परमादेश, *महेश दत्त वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत*

रिट निवेदकलाई खानेपानी संस्थानको सञ्चालक समितिको अध्यक्ष तथा महाप्रबन्धकको पदको समेत कामकाज गर्ने गरी कार्यकारी

अध्यक्षमा नियुक्ति गर्दा नै बढीमा चार वर्षका लागि भनी नियुक्ति गरिएको र उल्लिखित नजिर सिद्धान्तसमेतका आधारमा त्यस्तो शर्तयुक्त अवधि पूरा नहुँदै नेपाल सरकारले आवश्यकतानुसार उक्त पदावधिमा थपघट वा हेरफेर गर्न पाउने नै देखिएबाट निज रिट निवेदकलाई नेपाल खानेपानी संस्थानको कार्यकारी अध्यक्षको पदबाट अवकाश दिने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०६८।२।१३ मा भएको निर्णय र सो निर्णयको आधारमा भएका कामकारवाहीहरूलाई गैरकानूनी भन्न नमिल्ने ।

रिट निवेदकलाई नेपाल खानेपानी संस्थानको कार्यकारी अध्यक्षको पदबाट अवकाश दिने गरी भएको नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०६८।२।१३ को निर्णयबाट रिट निवेदकको कुनै मौलिक हक एवं कानूनी हकको हनन् भएको अवस्था नदेखिँदा निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल पुस ९ गते रोज ३ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** ०६७-CR-०१६९, ०१७०, लुटपीट, *पशुपति गौतम वि. मु.स. गर्ने श्यामबहादुर गौतमसमेत, मु.स. गर्ने श्यामबहादुर गौतमसमेत वि.पशुपति गौतमसमेत*

प्रतिवादीमध्येका पशुपति गौतमले घर भत्काई लगेको कुरामा स्वीकार गरेकै देखिएकोले लुटपीट गरेको सुरू अदालतले ठहर्‍याएको फैसला मिलेकै देखिँदा सदर हुने र बिगोको हकमा लुटपीटको महलको ६ नं. बमोजिम रू.१५,०००।- (पन्ध्रहजार) पशुपतिबाट भराई दिई निजलाई सोको सयकडा पच्चीसका दरले हुने जरीवाना रू.३७५०।- हुने अन्य ज्यालामा काम गर्ने प्रतिवादी दिलबहादुर थारू, च्यासे भन्ने शनिश्चर थारू, दिलबहादुर चौधरी, कृष्णबहादुर बुढा, टीकाराम थारू, कमलबहादुर जि.सी. र मीनबहादुर थापाले जानीजानी घर भत्काई लुटपीट गर्ने कार्यमा संलग्न नदेखिएकोले निज प्रतिवादीहरूलाई सफाइ दिने ठहर्‍याई गरेको पुनरावेदन अदालत, सुर्खेतको मिति २०६६।११।५ मा गरेको फैंसला मिलेको देखिँदा सदर हुने ठहर्छ । सो फैसला उल्टी गरी फिराद दावीबमोजिम गरिपाउँ भन्ने वादीको र पूर्ण सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७१ साल असार ३ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६-WO-०९५४, उत्प्रेषण/परमादेश, *इन्दुभूषण झा वि. सिंचाई मन्त्रालयसमेत*

सामान्य प्रशासनको सहमति लिई सचिवले सरूवा गरेकोमा चित्त नबुझेमा निजामती सेवा ऐन, २०४९ को दफा १८(१२) अनुसार रीत नपुगेकोमा अख्तियारवालाले गरेको सरूवा सामान्य प्रशासन मन्त्रालयले रद्द गर्नसक्ने वैकल्पिक उपचारको व्यवस्था हुँदाहुँदै सोतर्फ निवेदक गएको नदेखिएको साथै निवेदकको २०६६।१२।२३ मा सरूवा भएको र सरूवा मितिबाट २ वर्षको अवधिसमेत व्यतीत भैसकेको

अवस्थामा निवेदन मागबमोजिम रिट जारी गरिरहनुपर्ने औचित्यपूर्ण नदेखिँदा निवेदन दावी खारेज हुने ।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल भदौ ३० गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CR-००२८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. इन्द्रमान स्याङतान*

प्रतिवादीले प्रहरीमा गरेको साबिती बयान, मृतकको अटोप्सी रिपोर्ट, घटनास्थल तथा लास जाँच मुचुल्का तथा बुझिएका व्यक्तिहरू र जाहेरवालाले गरेको बकपत्रसमेतका कागजातहरूबाट अभियोग दावी पुष्टि हुन आएकोले निज प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।२।१८ को फैसला मिलेकै देखिँदा सो साधक सदर हुने ।

प्रतिवादी इन्द्रमान स्याङतानको कैद भुक्तान गर्ने क्रममा मिति २०६८।१०।२ मा केन्द्रीय कारागार अस्पतालमा मृत्यु भैसकेको भन्ने व्यहोराको जानकारी मिसिल संलग्न कारागार कार्यालय, काठमाडौंको च.नं. ६१६८ मिति २०७०।१२।११ को पत्रबाट देखिएकोले मुलुकी ऐन, दण्ड सजायको महलको ३ नं. मा जरीवाना, कैद वा विशौंद लागेको मानिस सो असूल नहुँदै मर्‍यो भने ऊ मरेपछि माफ हुन्छ भन्नेसमेत व्यवस्था रहेको देखिँदा निजलाई भएको कैदको लगत कट्टा गर्नु भनी सम्बन्धित कार्यालयलाई लेखी पठाउनू ।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल चैत १४ गते रोज ६ शुभम् ।

## इजलास नं. ४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CI-१२८०, निषेधाज्ञा, *ज्योतिकुमारी थापा (शाह) वि. पवन विक्रम थापासमेत*

कि.नं.४२१, ४९४, ७२८, ९११ र ५१७ का ५ कित्ता जग्गाहरू निवेदक स्वयंले आफ्नो सासू बजै र पति पिताले विपक्षीमध्येका निरञ्जन गौतमलाई मिति २०६३।७।१४ को र.नं. ८४९ 'ग' बाट राजीनामा पारीत गरी बिक्री गरी तहतह हक हस्तान्तरण हुँदै विपक्षीमध्येका नितेशकुमार देवसम्म पुगेको र निजले हिमालय फाइनान्स लिमिटेडमा धितो राखी ऋण लिएको अवस्था देखिँदा निज निवेदकको सो उल्लिखित जग्गाहरूमा निर्विवाद हक कायम रहेको देखिन नआएको अवस्थामा निषेधाज्ञाको आदेश जारी गर्न परेन । उल्लिखित जग्गाको विषयमा ललितपुर जिल्ला अदालतमा दायर भएको अंश मुद्दाबाट निवेदकको हक बेहकको सम्बन्धमा सो मुद्दाबाट वैकल्पिक उपचार पाउने अवस्था रहेको समेतलाई हेर्दा हाललाई निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।५।२८ गतेको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

इति संवत् २०७१ साल जेठ १९ गते रोज २ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-००६९,

सवारी ज्यान (अङ्गभङ्ग), *नेपाल सरकार वि. कालु चौधरी*

सवारी दुर्घटनाको दुष्परिणाम जनधनको ठूलो क्षति भएको र जीवनको रक्षा राज्य तथा फौजदारी न्यायको मूल दायित्व भएकोले यसमा माथि उल्लिखित काबुभन्दा बाहिरको परिस्थिति नदेखिएसम्म दयामाया गर्नु भनेको जनसाधारणको जीवनरक्षाको दायित्वबाट पन्छिनु हो । जति ज्यान लिए पनि फरक पर्दैन, न सवारी अनुमतिपत्र रद्द हुन्छ न खासै आर्थिक भार पर्छ, सजाय पनि साङ्केतिक वा आलङ्कारिक मात्र हुन्छ भन्ने सन्देश प्रवाहित हुनु भनेको अराजकता र दण्डहीनताको सूत्रपात हुनु हो । नेपालमा हवाई दुर्घटना र सडक दुर्घटनाको कहालीलाग्दो अवस्थाले नेपालको अन्तर्राष्ट्रिय छवि पूरै धुमिलिएको छ । कानून र फौजदारी न्यायको सही प्रयोग गरेर यसलाई दुरूत्साहन गर्नु अदालतको दायित्व हो । प्रतिवादी चालकको यस्तो हँकाइलाई चरम अक्षमता र गैरजिम्मेवारीपूर्ण हँकाइ भन्नुपर्छ । यसबाट निजको हँकाइको स्तर सक्षम र सतर्क चालकको हँकाइको स्तरभन्दा निक्कै तल्लो रहेको मान्नुपर्ने ।

मृतकले चलाएको मोटरसाइकल प्रतिवादी चालकले देखेपछि पनि ट्रकलाई नियन्त्रण गर्न नसकी उल्लिखित ट्रक गलत साइडमा गै रूखमा ठोक्किएको र सो दौरान सडकमा २४ फिटसम्म ब्रेकको डाम लागेको देखिनुबाट निजको हँकाइको स्तर सक्षम र सतर्क चालकको हँकाइको स्तर भन्दा निक्कै तल्लो रहेको भन्ने निष्कर्षमा यो इजलास पुगेको छ । प्रतिवादी चालकले अरू सडक प्रयोगकर्ताको सुरक्षाको कुनै ख्याल नगरी उच्चस्तरको अक्षमता, दोष, कमी गरी जानीजानी लापरवाही गरी सवारी चलाएको सम्बन्धमा माथि राम्रै विवेचना भैसकेको यस अवस्थामा कसैको ज्यान मर्न सक्छ भन्ने जस्तो नदेखिएको अवस्थामा सवारी चलाउनेलाई आकर्षित हुने उक्त दफा १६१ को उपदफा (३) पुनरावेदक प्रतिवादी कालु चौधरीलाई लाग्ने कानूनसम्मत आधार रहेको नपाइने ।

प्रतिवादी कालु चौधरीले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिमको कसुर गरेको देखिँदा सोही दफा १६१(२) बमोजिम सजाय गर्नुपर्नेमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) अन्तर्गतको कसुर कायम गरी २९ दिन कैद र रू.२,०००।- जरीवाना गरी सुनसरी जिल्ला अदालतबाट भएको फैसला सदर गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६६।७।८ मा भएको फैसला सो हदसम्म नमिलेकाले केही उल्टी भै प्रतिवादी कालु चौधरीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिमको कसुरमा सोही दफा १६१(२) बमोजिम २ वर्ष कैद हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०७१ साल भदौ १० गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-०९१७, कर्तव्य ज्यान, *चक्रसिंह ठगुन्ना वि. नेपाल सरकार*

वीरेन्द्र सिंह ठगुन्नाले प्रतिवादीलाई चक्कु प्रहार गरी घाइते बनाएको र त्यसको बचाउका लागि वीरेन्द्र सिंहबाट चक्कु खोसी निजैलाई हान्न खोज्दा जयरामलाई लागेको भन्ने प्रतिवादीको भनाइलाई मिसिल संलग्न स्वतन्त्र प्रमाणहरूबाट समर्थित हुन सकेको देखिँदैन । प्रतिवादीको टाउको तथा हातमा लागेको चोट निज वीरेन्द्रसिंहले प्रहार गरेको चोट नै हो भनी यकीन हुन सकेको देखिँदैन । वारदातस्थलमा उपस्थित भई कागज

गर्ने कुनै पनि मानिसहरूले वीरेन्द्र सिंहले चक्र सिंहलाई चक्कु प्रहार गरेका हुन् भनी लेखाउन सकेको अवस्था देखिँदैन । मादक पदार्थ सेवन गरी उत्तेजित अवस्थामा वारदातस्थलमा उपस्थित रहेका यी प्रतिवादीले आफूले लगाएका कपडा खोली घटनास्थलमा यत्रतत्र फालेको अवस्थामा बरामद भएका र जन्तीमा आएका मानिसहरूले आफूलाई कुटपीट गरेका भन्ने निजको भनाइ रहेको देखिँदा प्रतिवादीको शरीरमा देखिएका चोटहरू वीरेन्द्र सिंह ठगुन्नाले नै हानेको चोट हो भनी यकीन गर्न नसकिने र सोही कारण आत्मरक्षाको लागि आफूले हतियार चलाएको भन्ने प्रतिवादीको भनाइ बचाउको आधार बन्न नसक्ने ।

प्रतिवादी चक्र सिंह ठगुन्नाले चक्कु प्रहार गरी घाइते भएका जयराम सिंह ठगुन्नाको सोही चोट पिरबाटै मृत्यु भएको तथ्य स्थापित भएको हुँदा निज प्रतिवादी चक्र सिंह ठगुन्नालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी दार्चुला जिल्ला अदालतबाट मिति २०६८।२।२३ मा भएको फैसला सदर गर्ने पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६८।८।४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । तर प्रस्तुत वारदातका यी प्रतिवादी चक्र सिंह ठगुन्ना र मृतक जयराम सिंह ठगुन्ना मामा भानिज नातागोताका मानिसहरू रहेका र जयराम सिंहसँग प्रतिवादीको पूर्व रिसइबि वा वैमनस्यता रहेको भन्ने मिसिल संलग्न कुनै पनि तथ्य प्रमाणहरूबाट खुल्न आएको देखिएको छैन । जयराम सिंह र यी प्रतिवादी नाता सम्बन्धका मानिसको वैवाहिक समारोहमा संलग्न भई मादक पदार्थ सेवन गरी उत्तेजित अवस्थामा रहेका, वारदातको जरिया यी प्रतिवादी चक्र सिंह ठगुन्नासँग नभई गणेश सिंह ठगुन्ना, नारायण सिंह धामीको कारण जयराम सिंह ठगुन्नाको नाक मुखबाट रगत आई सिर्जना भएको देखिन्छ । प्रतिवादीले बयान गर्दा जयरामलाई नै मार्छु भनी चक्कु प्रहार नगरेको, वीरेन्द्रसिंहलाई हान्न खोज्दा अचानक जयरामलाई लाग्न पुगेको भनी लेखाएका छन् भने प्रतिवादीले जयरामलाई मार्ने नै नियतले चक्कु हानेको हो भनी जाहेरवालालगायतका मानिसहरूले किटानी गर्न सकेको अवस्था देखिँदैन । मिसिल संलग्न तथ्य प्रमाणहरूलाई मध्यनजर राखी प्रतिवादी चक्रसिंह ठगुन्नालाई ऐनबमोजिम हुने सजाय गर्दा चर्को पर्न जाने देखिएकोले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद घटाई सजाय गर्नु मनासिब हुँदा प्रतिवादी चक्र सिंह ठगुन्नालाई १२ वर्ष कैद हुने ।

इजलास अधिकृतः केशवप्रसाद घिमिरे

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल असार ११ गते रोज ४ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०७०-WO-०१९१, उत्प्रेषण/परमादेश, *सुनिलकुमार यादव वि. लोकसेवा आयोग केन्द्रीय कार्यलय, काठमाडौंसमेत*

अन्तरवार्तासमेतबाट विपक्षी बलिरामप्रसाद धामी चयन भई यी निवेदक वैकल्पिक उम्मेद्वारमा परेर नियुक्तिको लागि सिफारिश नभएकोले प्रस्तुत रिट निवेदन परेको देखिन्छ । सिफारिश दिने अधिकारीलाई विपक्षीनै नबनाएको र विपक्षीले नियुक्तिसमेत पाइसकेको अवस्था देखिँदा प्रस्तुत रिट निवेदनमा उल्लेख गरिएबमोजिम लोकसेवा आयोग, केन्द्रीय कार्यालयबाट प्रकाशित अन्तरवार्ता नतिजालगायतको काम कुरालाई निवेदन मागबमोजिम परमादेशलगायतको आदेश

जारी गरी बदर गरिरहनुपर्ने अवस्था विद्यमान रहेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः बसन्तजङ्ग थापा

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल पुस ३० गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-WO-०५१०, उत्प्रेषण/परमादेश, *नारायणबहादुर भण्डारीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत*

प्रहरी ऐन, २०१२ को दफा ९(२) मा प्रहरी कर्मचारी नेपाल सरकारको इच्छाअनुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहनेछन् भन्ने व्यवस्था रहेको देखिन्छ । नेपाल सरकारले आफ्नो समयानुकूल बदलिने नीति र कार्यक्रमअनुरूप विधिसम्मत् ढङ्गले नियमावलीमा संशोधन गरी ३० वर्षभन्दा बढी सेवा अवधि भइसकेका प्रहरी कर्मचारीहरूलाई प्रहरी पहरागण गठन नियमावली, २०६४ को नियम १०(१) ले "प्रहरी पहरागणका कर्मचारीको सेवा अवधि प्रहरी नियमावली, २०४९ बमोजिम हुनेछ" भनी उल्लेख भएकोले निवेदकहरूको उमेर तोकिएको अवधिभन्दा बढी भैसकेको देखिँदा निवेदकको सेवामा रहन पाउनुपर्ने उमेरको हद नै भुक्तान भइसकेको अवस्थामा नेपाल सरकारले प्रहरी ऐन, २०१२ को दफा ३९ को अधिकार प्रयोग गरी समयानुकूल नियम संशोधन गरी अवकाश दिएको विषय कानून र नियमसङ्गत नरहेको भन्न नमिल्ने देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः बसन्तजङ्ग थापा

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल पुस १ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६३-CR-०५२५, डाँका, *नेपाल सरकार वि. मानबहादुर लामासमेत*

जाहेरवाला लक्ष्मीप्रसाद कँडेलले अदालतसमक्ष गरेको बकपत्रको स.ज. ३ मा प्रतिवादी श्रीबहादुर मोक्तानलाई चिन्दछु भनी बकपत्र गरेको देखिन्छ भने सोही बकपत्रको स.ज. ९ मा "पहिले हाम्रो घरमा चोरी भएको रात नै अर्को घरमा पनि चोरी भएछ तेस्रो फेरि नक्खु टोलमा चोरी भएछ । त्यही समूहमध्येका एकजना मानबहादुर पक्राउ खाँदा सबैलाई चिनायो" भनी बकपत्र गरिदिएको समेत देखिएबाट प्रस्तुत मुद्दाको वारदातमा पनि यिनै उल्लिखित प्रतिवादीहरू नै संलग्न रहेको कुरालाई पुष्टि गरिरहेको देखिन्छ । यस्तै गरी प्रतिवादीहरूमध्ये मानबहादुर लामाले अदालतसमक्ष गरेको बयानको स.ज.५ मा "मसमेतका प्रतिवादीहरूले आपसमा सल्लाह गरी जाहेरवालाको घरमा हातमा खुकुरी बोकी लुट्न गएका हौं । मलाई घरको ढोकामा कोही आउँछकि हेर भनेकोले ढोकामा बसें" भनी भनेको र सोही बयानको स.ज.६ मा "हामीले धनमाल डाँका गरेको ठीक साँचो हो" भनेका छन् भने स.ज.७ मा "मैले जाहेरवाला लक्ष्मीप्रसाद कँडेलले घरमा मात्र धनमाल लुट्न सम्मिलित भएको हो" भनी बयान गरेको देखिएबाट निज प्रतिवादी मानबहादुर लामासमेतको संलग्नतामा जाहेरवाला लक्ष्मीप्रसाद कँडेलको घरमा जबर्जस्ती लुटपाट गरेको भन्ने तथ्यमा दुईमत हुनसक्ने अवस्था रहेन । प्रतिवादीहरूबाट चोरीको बिगो बरामद नभएको भन्ने प्रश्नतर्फ हेर्दा प्रतिवादीहरूमध्येको मानबहादुर लामाले आफ्नो भागमा रू.४,०००।- परेको भनी स्वीकार गरेको अवस्था देखिन आएको हुँदा अन्य बरामद नभएको सम्पत्तिको हकमा बिगो कायम गरी कसुर ठहर गर्न न्यायोचित नहुने हुँदा प्रतिवादीहरूले जाहेरवालाको घरबाट बरामदी बिगो रू.४०००।- सम्मको धनमाल दोस्रो पटक पारी जबर्जस्ती चोरी गरेको ठहर्‍याई

मिति २०६३।९।२० मा भएको फैसला मुनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृतः बसन्तजङ्ग थापा

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल पुस १ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६४-CR-०१०४, डाँका, *नेपाल सरकार वि. मानबहादुर लामासमेत*
- २०६९-CR-०८८१, डाँका, *नेपाल सरकार वि. दिनेश मगर*

४

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७-CR-०८१८, जालसाजी, *सम्भारी गोडिया वि. कोलीराम गोडियासमेत*

वादीहरू कलुई गोडिन र सम्भारी गोडियाले मिति २०६१।१२।८ मा पारीत भएको राजीनामाको लिखतको नक्कल कीर्ते कागजको महलमा २०५८ सालमा संशोधन भएपश्चात्को नयाँ व्यवस्थाअनुसार "थाहा पाएको मितिले ६ महिनाभित्र फिराद दायर गर्नुपर्ने" भन्ने प्रावधानबमोजिम मिति २०६३।४।१९ मा रीतपूर्वकको नक्कल लिई ऐ २२ गतेभित्रै संयुक्त फिराद दायर गरेको देखिइरहेको अवस्थामा "वादी सम्भारी गोडियाले यो यस स्रोतबाट यो यस मितिमा थाहा पाएको भनी कुनै सबूद प्रमाण प्रस्तुत गर्न नसकेको भनी एकासगोलकै अंशियार कायम भैरहेको फिरादीहरूमध्ये कलुई गोडिनको हकमा मात्र दावीबमोजिम ऐनको म्यादभित्रै फिराद परेको मानी एकै साथमा फिराद गरेको सम्भारी गोडियाको हकलाई कुनै कानूनसम्मत् आधारबेगर बाहेक गरी विवादित जग्गालाई कोलेराम गोडियाकै हक नाउँ दर्ताको जग्गा भनी १ जनाको हकमा मात्र जालसाजी ठहर गरेको देखिन आयो । जबकि लगाउको अंश मुद्दाबाट पनि ३ भागको २ भाग अंश वादीहरूले पाउने भनी एकातर्फ ठहर भैरहेको अवस्थामा छ भने अर्कोतर्फ संयुक्त अंशियार कायम भैरहेको र संयुक्तरूपमै फिराद दायर गरेका ती दुबैजना वादीहरूको अंशको हकमा संयुक्तरूपमा बोल्दै ३ भागको २ भाग नै जालसाजी ठहर गर्नुपर्नेमा संयुक्त अंशियारहरूमध्ये एकजना फिरादीको हकमा मात्र जालसाजी ठहर गरी राय किताबमा लेखिएको निर्णयको व्यहोरा र फैसलाको व्यहोरा फरक पर्न गएको देखिँदा सो फैसला आफैंमा विरोधाभाषपूर्ण एवं द्वैधअर्थीसमेत हुन आएबाट पुनरावेदन अदालत, नेपालगन्जको फैसला कानून तथा न्यायसम्मत भन्न नमिल्ने ।

पुनरावेदन अदालत, नेपालगन्जबाट वादीहरू कलुई गोडीन र सम्भारी गोडिया दुबैको हक जति ३ भागको २ भाग लिखत जालसाजी ठहर गर्नुपर्नेमा कलुई गोडीनको हक जति ३ भागको १ भाग मात्र जालसाजी ठहर गरेको देखिँदा सम्भारी गोडियाको हकमा समेत निजको अंश हक जति ३ भागको १ भागसमेत विवादित लिखत जालसाज हुने ।

मिति २०६१।१२।८ को लिखतको ३ भागको २ भाग जालसाज ठहर गर्नुपर्नेमा सुरू बर्दिया जिल्ला अदालतको फैसला केही उल्टी गर्दै ३ भागको १ भाग मात्र बदर गर्ने गरेको हदसम्म पुनरावेदन अदालत, नेपालगन्जको फैसला केही उल्टी भई सुरू वादी दावीबमोजिम वादीहरूको हक जति ३ भागको २ भाग लिखत जालसाजी ठहर्ने ।

इजलास अधिकृतः बसन्तजङ्ग थापा

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल फागुन १ गते रोज ५ शुभम् ।

- यसै लगाउको २०६७-CI-०९२३, अंश, *सम्भारी गोडिया वि. कोलेराम गोडियासमेत* मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** मुद्दा नं. २०७०-CR-०२९८, बहुविवाह, *नेपाल सरकार वि. जीवना भण्डारी (लामिछाने)*

विवाह गरेका श्रीमानको घरमा जेठी श्रीमती रहे भएको तथ्य जानी बुझी यी प्रत्यर्थी प्रतिवादी जीवना भण्डारीले विवाह गरेकी रहिछन् भन्न मिल्ने आधार एवं कारण मिसिल संलग्न प्रमाणहरूबाट देखिन नआएको अवस्थामा निजलाई पनि बहुविवाहमा सजाय हुनुपर्दछ भन्ने नेपाल सरकारको जिकीरसँग सहमत हुन सकिएन । अतः निज प्रतिवादी जीवना भण्डारी (लामिछाने) लाई सफाइ दिने गरेको सुरू मकवानपुर जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६९।५।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः चाणकमणि अर्याल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल जेठ २० गते रोज ३ शुभम् ।

## इजलास नं. ७

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** मुद्दा नं. २०७०-MS-०००५, गैंडाको खाग ओसारपसार, *प्रकाश बुढासमेत वि. नेपाल सरकार*

प्रतिवादीहरूले गैंडाको खाग सक्कली खागको रूपमा अवैध कारोबारको कार्य गरेको परिप्रेक्ष्यमा पछि आएर एउटा निवेदनको भरमा जाँच गराउने माग गरेको देखिँदा त्यसमा विवन्धनको सिद्धान्तसमेत आकर्षित हुनसक्ने अवस्था हुँदा, सो जाँच परीक्षणलाई विवादरहितरूपमा स्वीकार गर्न सकिने अवस्था देखिएन । तथापि प्रतिवादीहरूमध्ये दानसिंह र प्रकाश बुढाको बयान र एक अर्काप्रतिको पोल तथा निज प्रतिवादी प्रकाश बुढाले बरामदी दशी नक्कली भनिएको भन्नेसम्मको उब्जिएको प्रसङ्ग र प्रस्तुत मुद्दाको रोहमा निज प्रतिवादीहरूको संलग्नता तथा आबद्धताको मात्रा र बरामदी दशीको अवस्थासमेतलाई मध्यनजर गर्दा प्रतिवादीहरूमध्ये दानसिंह चैसिर र प्रकाश बुढालाई अभियोग दावीबमोजिम हदैसम्म सजाय गर्दा चर्को पर्न जाने देखिँदा पुनरावेदन अदालत, महेन्द्रनगरका माननीय न्यायाधीश श्री दुर्गाप्रसाद उप्रेतीले उल्लिखित प्रतिवादीहरूको अतिरिक्त प्रेमबहादुर पाल र नैनसिंह ठगुन्नासमेतका प्रतिवादीहरूलाई अभियोग दावीबमोजिम हदैसम्म सजाय गर्ने ठहर्‍याएको र उल्लिखित सबै प्रतिवादीहरूलाई अभियोग दावीबाट पूर्ण सफाइ दिने ठहर्‍याएको सोही अदालतका माननीय न्यायाधीश श्री सलाहुद्दीन अख्तर सिद्दीकीको राय तथा सुरू जिल्ला वन कार्यालयको मिति २०६८।३।३० को निर्णय बदर गरी पुनः निर्णयको लागि पठाउने ठहर्‍याई सोही अदालतका मुख्य न्यायाधीश श्री देवेन्द्रगोपाल श्रेष्ठबाट मिति २०७०।२।६ मा भएको फैसलासमेत मिलेको नदेखिँदा पुनरावेदन अदालतका तीनैजना माननीय न्यायाधीशहरूको रायसँग सहमत हुन नसकिने ।

पुनरावेदन अदालत, महेन्द्रनगरका तीनैजना माननीय न्यायाधीशहरूको राय केही उल्टी हुने ठहर्छ । सो ठहर्नाले प्रतिवादीमध्येका प्रकाश बुढा र दानसिंह चैसिरलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम ५ वर्ष मात्र कैद हुने र अन्य प्रतिवादीहरू नैनसिंह ठगुन्ना, प्रेमबहादुर पाल र पेट बोलीबाट देखिएका भूपेन्द्र शाही र पेमा लामाले

समेत अभियोग दावीबाट सफाइ पाउने ।

इजलास अधिकृतः बसन्तजङ्ग थापा

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७१ साल साउन १८ गते रोज १ शुभम् ।

**इजलास नं. ८**

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** मुद्दा नं. २०६९-CR-०७५५, कर्तव्य ज्यान, *प्रेमबहादुर गुरूङ वि नेपाल सरकार*

मृतक बोल्न नसक्ने ५ वर्षीय अपाङ्ग तथा अबोध बालक रहेका र निजले प्रतिवादीलाई केही गरे बिराएको देखिँदैन । यस्तो अबोध तथा सबैको मायाका आकाङ्क्षी बालकप्रति प्रतिवादीलाई रिस उठ्नु भनेको प्रतिवादीको निर्दयी स्वभावको द्योतक हो । समाजमा यस प्रकारका अनुत्तरदायी, क्रूर तथा हिंस्रक व्यक्तिहरूलाई धर्मको जामा पहिराउनु उचित हुँदैन । यस्ता व्यक्ति धर्मका नाममा कलङ्क हुन् । यस्ता व्यक्ति समाजको शान्ति सुरक्षाका लागि अत्यन्त खतरनाक हुने हुँदा निजहरूलाई कडा दण्डद्वारा निरूत्साही गर्न तथा यस्ता खाले अरू निर्दयी अपराधीहरूमा त्रासको सन्देश जानका लागि फौजदारी न्यायले प्रभावकारी भूमिका खेल्नु जरूरी छ । प्रस्तुत वारदात भनेको जघन्य वारदातभित्रै पर्ने देखिन्छ । आङै सिरिङ्ग हुने यस किसिमको कसुर गर्ने कसुरदारलाई रियायत दिनका लागि मुलुकी ऐन, अ.बं. १८८ नं. को निर्माण भएको होइन । बालक मरिसकेपछि पनि अब मर्‍यो ठीक भयो भन्ने सोचाई राख्ने प्रतिवादीलाई कम सजाय हुनुपर्छ भन्ने विद्वान अधिवक्ताहरूको बहससँग सहमत हुन सकिएन । मृतक अबोध बालकसँग पुनरावेदक प्रतिवादीलाई बिनाकारण रिस उठेको र विभत्स किसिमले हत्या गरेको प्रस्तुत वारदात ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित हुने अवस्था नरहने ।

प्रतिवादी प्रेमबहादुर गुरूङले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. विपरीतको कसुर अपराध गरेकोले निजलाई सोही नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको सुरू भोजपुर जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, धनकुटाको मिति २०६९।५।२७ को फैसला सदर हुने ।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल भदौ ११ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** २०६८-CR-१०६७, लागु औषध, *मोहमद फैज वि. नेपाल सरकार*

कसैबाट कुनै लागु पदार्थ फेला परेमा निजले सो पदार्थ कानूनबमोजिम प्राप्त गरेको वा राखेको हो भन्ने कुराको प्रमाण निजले नै पेश गर्नुपर्ने, पेश गर्न नसकेमा र अन्यथा प्रमाणित भएमा बाहेक निजले यस ऐनअन्तर्गत सजाय हुने अपराध गरेको मानिने व्यवस्था गरी प्रमाणको भार प्रतिवादीमा राखेको देखिन्छ । लागु औषधसम्बन्धी अपराध निरपेक्ष दायित्त्वअन्तर्गत पर्ने अपराध भएको हुनाले जसबाट लागु औषध बरामद भएको छ, निजले सो लागु औषध कानूनबमोजिम प्राप्त गर्न वा राख्न पाउने हो भनी तथ्ययुक्तरूपमा प्रमाणित गर्न नसकेमा सोबाट सिर्जित दायित्त्वबाट उन्मुक्ति पाउन सक्ने अवस्था हुँदैन । यसरी उल्लिखित कानूनी व्यवस्थाअनुसार आफू निर्दोष रहेको प्रमाण पुर्‍याउने भार प्रतिवादीमा नै निहित रहेकोमा सोअनुसार यी पुनरावेदक प्रतिवादीले तथ्ययुक्त प्रमाण प्रस्तुत गरी आफू निर्दोष रहेको कुरा प्रमाणित गर्न सकेको नपाइँदा सुरू ललितपुर जिल्ला अदालतले

कसुरको मात्रा र परिमाणसमेतलाई दृष्टिगत गरी अभियोग दावीबमोजिम कसुर कायम गरी यी पुनरावेदक प्रतिवादीलाई सजाय गर्ने गरेको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।२।१० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल भदौ ११ गते रोज ४ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CI-१३७०, परमादेश, *नेत्रबहादुर के.सी. वि. भौतिक योजना, निर्माण तथा यातायात मन्त्रालयसमेत*

आधिकारिक निकायले कानूनबमोजिमको प्रक्रिया पूरा गरेर पैठारी गरेको मोटरसाइकललाई सुरू दर्ता भएको अभिलेख फेला नपरेको भन्ने आधारमा मात्र कुनै पनि नागरिकले कानूनबमोजिमको प्रक्रिया पूरा गरी खरिद गरेको आफ्नो सम्पत्तिको दर्ता नामसारी गरी स्वामित्व प्राप्त गर्नबाट रोक लगाउन मिल्ने भनी अर्थ गर्न मिल्दैन । तर सुरू दर्ताको रेकर्ड प्राप्त नभएमा यस प्रकृतिको सवारी साधन नेपाल प्रदूषण मापदण्ड, २०५६ विपरीत हुनजाने हुँदा दर्ता गर्न नमिल्ने भनी श्रम तथा यातायात व्यवस्था विभागबाट मिति २०६८।७।६ मा भएको निर्णयलाई बदर गर्नेतर्फ निवेदकको निवेदन माग दावी नरही केवल मोटरसाइकल दर्ता गरी ब्लु बुक र नम्बर उपलब्ध गराइदिन परमादेशको आदेश जारी गरिपाउँ भन्ने मात्र माग दावी रहेको देखिँदा रिट निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।११।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : मनोज श्रेष्ठ

इति संवत् २०७१ साल भदौ २ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** मुद्दा नं. २०६६-CI-०६७९, परमादेश, *देवीप्रसाद अधिकारी वि. जिल्ला प्रहरी कार्यालय, झापासमेत*

पुनरावेदकले आफ्नी श्रीमतीको हत्या योगेन्द्रचन्द्र महतोको नेतृत्वमा रहेको सुरक्षा फौजअन्तर्गतका ५ जना सादा पोशाकका सुरक्षाकर्मीहरूले गरेको भनी किटान गरी जाहेरी दिन जाँदा सो जाहेरी दर्ता गरी सबूद प्रमाण सङ्कलन गर्ने, घटनास्थल प्रकृति मुचुल्का तयार गर्ने Post Mortem Report को लागि पठाउने जस्ता कार्यहरू गरी अनुसन्धानसम्बन्धी जे जो गर्नुपर्ने हुन्छ सो गरेर आफ्नो रायसहित जिल्ला सरकारी वकील कार्यालयमा पठाउनुपर्ने र दर्ता गर्ने नमिल्ने भए कानूनबमोजिम दरपीठ गर्नुपर्ने कानूनी दायित्व भएको जिल्ला प्रहरी कार्यालयले प्रमाण नभएको Post Mortem Report नभएको ढिला गरी आएको भन्नेजस्ता अड्चन थापी जाहेरी नलिनु उक्त संवैधानिक र कानूनी व्यवस्थाको पालना नगरेको भन्ने स्पष्ट हुन्छ । कुनै पनि व्यक्तिलाई कानूनबमोजिम बाहेक कसैको हत्या गर्न पठाउने छुट कानूनले प्रदान गरेको छैन । जोसुकै व्यक्तिले कानूनको उल्लङ्घन गरी कुनै कसुरजन्य अपराध गरेको छ भने त्यस्तो व्यक्तिले कानूनबमोजिम सजाय पाउनु नै पर्ने हुन्छ । प्रस्तुत मुद्दामा जो जसउपर किटान गरी यी पुनरावेदकले जाहेरी दरखास्त दिन ल्याएका हुन् निजहरूबाट नै रमा अधिकारीको हत्या भएको हो वा अरू कसैबाट भएको हो वा अरू कुनै कारणबाट मृत्यु हुन गएको हो भन्ने कुरा अनुसन्धान तहकीकात गरेपछि सङ्कलित सबूद प्रमाणबाट पुष्टि हुने विषय

भएकोले सुरूमै जाहेरी दरखास्त दर्ता नै नगरी अनुसन्धानबिना प्रमाण नपुगेको भन्ने अनुमानित तर्क गरी जाहेरी दरखास्त दर्ता गर्न इन्कार गर्नु न्यायसङ्गत् नहुने ।

आफूसमक्ष कसैले जाहेरी दिन ल्याउँदा जाहेरी दर्ता वा दरपीठ गर्न इन्कार गर्ने अधिकार विपक्षी जिल्ला प्रहरी कार्यालयलाई हुँदैन । त्यसकारण यी पुनरावेदक निवेदकले रीतपूर्वकको जाहेरी लिई दर्ता गर्न आएमा दर्ता गर्न नमिल्ने भए सोको लिखत जानकारी निजलाई गराई र दर्ता गर्न मिल्ने भए दर्ता गरी अनुसन्धान कार्य पूरा गरी मुद्दा चलाउनुपर्ने हो होइन भन्ने विषयमा निर्णय गरी मुद्दा चलाउनु र मुद्दा चलाउन नपर्ने देखिए सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २० बमोजिमको सूचना जाहेरवालालाई दिनु भनी जिल्ला प्रहरी कार्यालय, झापाको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः सूर्यप्रसाद रेग्मी
कम्प्युटरः सबिना अधिकारी
इति संवत् २०७१ साल असार २ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** मुद्दा नं. ०६९-CR-०३७४, कर्तव्य ज्यान, *सीता घिमिरे (श्रेष्ठ) वि. नेपाल सरकार*

प्रतिवादी सीता घिमिरे (श्रेष्ठ) ले जाहेरवालीले जन्माएको जातक बच्चाको मुखमा सुतिको कपडा कोची कर्तव्य गरी मारेको पुष्टि भएकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुनुपर्नेमा सो नगरी सुरू सुनसरी जिल्ला अदालतबाट ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई भएको फैसला केही उल्टी ठहर गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६९।०२।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

अभियुक्तको चरित्र, पछ्तो भावना र अपराध हुँदाका बखतको अभियुक्तको उमेरसमेतको विवेचना गर्दा ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने भनी अ.बं. १८८ नं. प्रयोग गरी निजलाई कैद ५ वर्ष मात्रको सजाय हुन पुनरावेदन अदालत, विराटनगरले व्यक्त गरेको राय न्यायसङ्गत हुँदा सो रायसमेत सदर हुने ।

इजलास अधिकृतः रामानन्द अधिकारी
कम्प्युटरः गीता घिमिरे गिरी
इति संवत् २०७१ साल असार ९ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०८५३, कर्तव्य ज्यान, *बाबुराम भन्ने चित्रबहादुर खत्री वि. नेपाल सरकार*

फौजदारी अभियोगमा प्रतिवादीको बयान महत्त्वपूर्ण प्रमाण हो । तर एकमात्र अकाट्य प्रमाण होइन । प्रतिवादीको बयानलाई अन्य परिस्थितिजन्यरूपमा सङ्कलित प्रमाणहरूको मालाकाररूपमा (Chain of Evidence) समर्थन गरेको हुनुपर्दछ । प्रस्तुत मुद्दामा आफ्नो कर्तव्यबाट मृतकको मृत्यु भएको भनी प्रतिवादी चित्रबहादुर खत्रीले अधिकारप्राप्त अधिकारी तथा अदालतसमेतमा बयान गरेको र निजको बयानलाई बुझिएका व्यक्तिहरूले मौकामा गरेको कागज लास जाँच प्रकृति मुचुल्कासमेतले शङ्कारहित तवरबाट पुष्टि एवं समर्थन गरेको अवस्था देखिन आएकोले निजको बयान अन्यथा नभई यथार्थमा आधारित रहेको देखिन आउने ।

पुनरावेदक प्रतिवादी चित्रबहादुरले हँसियाले आफ्नो श्रीमती मीना खत्रीको घाँटी रेटी कर्तव्य गरी मारेकोले निजले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिमको कसुर अपराध गरेको देखिएकोले अभियोग माग दावीबमोजिम

मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी सुरू गुल्मी जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, बुटवलबाट मिति २०६६।०३।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

वारदातको प्रकृति हेर्दा घटना एक्कासी घटेको देखिन्छ । आफू मानसिक रोगी भएको जिकीर पुनरावेदक/प्रतिवादीले लिनुका साथै निज मानसिक अवसादको रोगी भएको भनी चिकित्सकले जाँच गरेको प्रेस्क्रिप्सन पेश गरेको पाइन्छ । मार्नैपर्ने कुनै कारणबेगरै श्रीमतीको घाँटी रेटी मारेको अवस्था प्रस्तुत घटनाबाट देखिएकोमा पुनरावेदक/प्रतिवादीको मानसिक अवस्था ठीक नरहेको स्थितिमा थाम्नै नसकिने आवेगको कारणवश नै उक्त घटना घटेको कुरा तथ्यसम्मत्‌रूपबाट समर्थित भैरहेको छ । आफ्नो पत्नीलाई मार्नपर्ने कुनै कारण रहेको मिसिलबाट समर्थित प्रमाणित नभएको स्थितिमा मानसिक अवसादको रोगले गर्दा उक्त कसुरजन्य कार्य हुन गएको कुरा तर्कसम्मत् र विवेकसम्मत्‌रूपबाट समर्थित भएकोले पुनरावेदक/प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय १ बमोजिम सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने अवस्था हुँदा अ.बं.१८८ नं. अनुसार कैद वर्ष १० मात्रको सजाय गर्न न्यायसम्मत् हुँदा सोहीबमोजिम कैद वर्ष १० (दश) हुने ।

इजलास अधिकृतः रामानन्दप्रसाद अधिकारी
कम्प्युटरः गीता घिमिरे गिरी

इति संवत् २०७१ साल असार ९ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-१०८०, लागु औषध नाइट्राभेट ट्याबलेट, *मानबहादुर खड्का वि. नेपाल सरकार*

वादी पक्षले यी पुनरावेदक प्रतिवादी मानबहादुर खड्काको सँगसाथबाट बरामद भएको लागु औषध बिक्री वितरणको लागि ओसारपसार, सञ्चय गरेको कुरासम्बन्धमा शङ्कारहित तवरले पुष्टि हुने गरी प्रमाण पेश गरेको नदेखिँदा प्रतिवादीले अधिकारप्राप्त अधिकारी तथा अदालतमा आफूबाट बरामदी लागु औषधि बिक्री वितरण, सञ्चय ओसारपसार गर्ने कार्यका लागि नल्याई कुलतको बानी परेकोले सेवन गर्नका लागि खरिद गरीसम्म ल्याएको हो भनी लिएको पुनरावेदकको पुनरावेदन जिकीर तर्कसम्मत्‌रूपमा पुष्टि भएको पाइयो । यसरी सेवन गर्नका लागि ल्याउँदै गर्दा पक्राउ परेको देखिँदा सो कार्य लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) को कसुर भएकोले निजलाई उक्त ऐनको दफा ४(छ) को कसुरदार ठहर्‍याई भएको पुनरावेदन अदालत, हेटौंडाको फैसला सो हदसम्म मिलेकै देखियो । प्रतिवादीले लागु औषध (नियन्त्रण) ऐन, २०३३ दफा ४(च) को कसुर गरेको ठहर्‍याई १४(१)(झ) को सजाय हुने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी हुने ।

प्रतिवादीले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) को कसुर गरेबाट सोही ऐनको दफा १४(१)(ज) अनुसार दुई महिना कैद हुने र दुई हजार जरीवानासमेत सजाय हुने ।

इजलास अधिकृतः रामानन्दप्रसाद अधिकारी

इति संवत् २०७१ साल असार ९ गते रोज २ शुभम् ।

## अन्तरिम आदेश

१

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा,** ०७१-WO-०१७८, उत्प्रेषण, *राजेश मेडिसिन्स प्रालिका*

*तर्फबाट सचिन खण्डेलवाल वि. औषधि व्यवस्था विभाग, विजुलीबजार, काठमाडौंसमेत*

निवेदक राजेश मेडिसिन्स प्रा.लि.लाई Alkem Laboratories Ltd. ले Offer letter for Super Stockist in Nepal भनी दिएको June 16, 2014 को पत्र निवेदकले पेश गरेको देखिँदा निवेदकले पैठारी गरेको उत्पादनहरू दर्ता गर्न नमिल्ने भनी औषधि व्यवस्था विभागले मिति २०७१।३।११ मा लेखेको पत्रबाट निवेदकलाई अपूरणीय क्षति हुनजाने देखिएकोले सुविधा सन्तुलनको दृष्टिबाट उक्त मिति २०७१।३।११ को पत्र हाल कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीको नाउँमा सर्वोच्च अदालत, नियमावली, २०४९ को नियम ४१ बमोजिम यो अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल असोज १ गते रोज ४ शुभम् ।

२

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा,** ०७१-WO-०१८१, उत्प्रेषण, *अनुपराज सत्याल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, नक्साल, काठमाडौंसमेत*

मुख्य प्रशासकीय अधिकृत A-९ पदको फायल बढुवासम्बन्धी विषयमा पदपूर्ति समितिको मिति २०६९।१२।१६ गतेको निर्णयउपर उजूरी दिने बाबुराम पौडेल र नवीन प्रकाश पौडेलको तालिमबापतको अङ्क कृषि विकास मन्त्रालयको मिति २०७१।१।२५ को पत्र र अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७१।४।२१ गतेको पत्रको आधारमा कार्यकारी समितिले निजहरूलाई प्रदान गर्ने भनी मिति २०७१।५।१६।२ मा गरेको निर्णयबाट निवेदकलाई अपूरणीय क्षति हुने देखिएकोले सुविधा सन्तुलनको दृष्टिबाट विपक्षी कार्यकारी समितिको मिति २०७१।५।१६।२ को २२७ औं बैठकको निर्णय हाल कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ अनुसार विपक्षीका नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल असोज १ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री दीपकराज जोशी,** ०७१-WO-०२१०, उत्प्रेषण, *मनोज सुवेदी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सिंहदरबारसमेत*

निवेदकले २०६६।१०।२३ मा विभिन्न शर्त बन्देजमा सम्झौता गरी १० वर्षको लागि गिल्ड इन्भेष्टमेन्ट प्रा.लि.लाई क्यासिनो रोयल सञ्चालन गर्न दिएकोमा सो सम्झौताको अधीनमा रहने गरी जुलाई ३०, २०१३ (२०७०।४।१५) मा निवेदकसमेत चारजनासँग उक्त कम्पनीले सम्झौता गरी क्यासिनो सञ्चालन गर्दै आएको देखियो । निवेदकसमेतले आ.व. ०६९।७० को क्यासिनो रोयल्टी मिति २०७१।१।५ सम्म रू.२५४७५०००।- दाखिला गरेको आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.१ करदाता सेवा कार्यालय, पुतलीसडकको च.नं.१३३४ मिति २०७१।१।५ को पत्रबाट देखिन्छ । यसै विषयवस्तु भएको रिट नं. २०७०-WO-०७७३ र २०७१-WO-००२३ मा यस अदालतबाट अन्तरिम आदेश जारी भैसकेको परिप्रेक्ष्यमा सुविधा र सन्तुलनको दृष्टिकोणबाट नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पत्रसङ्ख्या उद्योग ०७०/०७१ च.नं.४५०३ मिति २०७१।१।१।५ को निर्णयमा कार्यविधिगत त्रुटि विद्यमान भै निवेदकलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१) च समेतद्वारा प्राप्त वैयक्तिक स्वतन्त्रता र धारा १८ बमोजिम व्यवस्थित रोजगारीसम्बन्धी हकमा आघात पुग्ने र सम्पत्तिसम्बन्धी हकमा अपूरणीय क्षति हुने हुँदा उक्त मिति २०७१।१।५ को निर्णय र सो कार्यान्वयनको लागि निवेदकलाई लेखिएको

उक्त पत्र प्रस्तुत रिट निवेदनको टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु निवेदकलाई यथावत् पेसा रोजगारी र व्यवसाय सञ्चालन गर्न दिनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेशसमेत जारी हुने ।

इति संवत् २०७१ साल असोज २ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री दीपकराज जोशी,** ०७१-WO-०२११, उत्प्रेषण, *राधिका पनेरूसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत*

सुविधा र सन्तुलनको दृष्टिले निवेदकहरू राधिका पनेरू, सत्य थापा, निरञ्जन कार्कीसमेतले मिति २०६८।१२।२५ देखि करारमा नियुक्ति पाई काम गरिरहेको अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पत्रसङ्ख्या ७१/७२ च.नं. ६१ मिति २०७१।५।११ को पत्रअनुसार प्रत्यर्थी विश्वविद्यालयको मिति २०७१।५।१५ र मिति २०७१।५।२२ को अवकाशसम्बन्धी पत्र तत्काल कार्यान्वयन नगरी निवेदकलाई यथास्थितिमा काम लगाई राख्नु भनी सर्वोच्च अदालत, नियमावली २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेशसमेत जारी हुने ।

इति संवत् २०७१ साल असोज २ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री दीपकराज जोशी,** ०७१-WO-०२१२, उत्प्रेषण, *चन्द्रा भारती वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत*

निवेदकलाई मध्यपश्चिमाञ्चल विश्वविद्यालयको कार्यकारी परिषद्को बैठकले मिति २०७०।२।१९ निर्णय नं. १च अनुसार मिति २०७०।३।२ देखि ४ वर्षको लागि नियुक्ति गरेको देखिँदा सुविधा र सन्तुलनको दृष्टिले प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७१।५।८ को निर्णय तथा मिति २०७१।५।११ को पत्र एवं प्रत्यर्थी विश्वविद्यालयको नियुक्ति रद्द गरिएको च.नं. ९६ मिति २०७१।५।२२ को पत्र र तत्सम्बन्धी कामकारवाही नगरी यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल असोज २ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०१८७, उत्प्रेषण, *वीरबहादुर भण्डारी वि. शिक्षा मन्त्रालयसमेत*

मिति २०६३।५।२० मा काज फिर्ता गरेको निर्णय मिति २०६०।९।१८ र २०६३।५।२९ को सर्कुलर आदेशअनुरूप नभएको भनी यस अदालतको संयुक्त इजलासबाट मिति २०६४।२।७ मा अन्तरिम आदेश जारी भै सोअनुसार निवेदक कार्यरत् रहेको विद्यालयमा कामकाज गरिरहेको अवस्थामा मिति २०६०।२।२१ को निर्देशनलाई समाई पदाधिकार रहेको विद्यालयमा फिर्ता गरेको न्यायोचित् नभएकोले विपक्षी जिल्ला शिक्षा कार्यालय, कञ्चनपुरको मिति २०७१।४।३० को पत्र कार्यान्वयन नगर्नु र निवेदकलाई यथावत्रूपमा महेन्द्रनगर उच्च माविको हाल कार्यरत् शिक्षक पदमा काम गर्न दिनु भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल भदौ ३१ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०७१-WO-०२१८, परमादेश/उत्प्रेषण, *डम्बरबहादुर गुरूङ वि. जिल्ला प्रशासन कार्यालय, बबरमहलसमेत*

निवेदक डम्बरबहादुर गुरूङ र विपक्षी बतास ब्रदर्स मोटर्स प्रा.लि. को तर्फबाट प्रबन्ध सञ्चालक श्रीमती उषा श्रेष्ठबीच मिति

२०६७।५।२ मा भएको भाडाको सम्झौताको विषयमा विपक्षी जिल्ला प्रशासन कार्यालय र महानगरीय प्रहरी वृत्त महाराजगन्ज, काठमाडौंलाई कारवाही गर्ने अधिकार नभएको हुँदा सुविधा र सन्तुलनको दृष्टिले उल्लिखित भाडाको विषयलाई लिएर प्रस्तुत निवेदनको टुङ्गो नलागेसम्म कुनै कारवाही नगर्नु नगराउनु भनी विपक्षीमध्ये जिल्ला प्रशासन कार्यालय र महानगरीय प्रहरी वृत्त महाराजगन्ज, काठमाडौंको नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तिम आदेशसमेत जारी हुने ।

इति संवत् २०७१ साल असोज ८ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०७१-WO-०२२५, उत्प्रेषण/परमादेश, *रमेशकुमार चन्दसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गालसमेत*

सुविधा र सन्तुलनको दृष्टिले निवेदक रमेशकुमार चन्द र निवेदक नारायण गिरी सेवा करारमा नियुक्त भई काम गरिरहेको अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७१।५।११ च.नं.६४ को पत्रानुसार विपक्षी मध्यमाञ्चल विश्वविद्यालयको मिति २०७१।५।१५ र मिति २०७१।५।२२ को अवकाशसम्बन्धी पत्र तत्काल कार्यान्वयन नगरी निवेदकहरूलाई यथास्थितिमा काम लगाई राख्नु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेशसमेत जारी हुने ।

इति संवत् २०७१ साल असोज ८ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दामा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७१-WO-०२२६, उत्प्रेषण/परमादेश, *धनबहादुर खत्रीसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गालसमेत*

९

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WO-०१६४, उत्प्रेषण, *प्रदीपजङ्ग पाण्डे वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत*

निवेदकले प्रस्तुत निवेदनसाथ पेश गरेको मिति २०४१।८।८ को तत्कालीन विशेष जाहेरी विभागको काठमाडौं जिल्ला अदालतलाई लेखिएको धरौट रहेका रकमबाट बिगो कट्टा गरी बाँकी कैद मिनाहा पाउँ भन्ने तिनै निवेदकको निवेदनमा व्यहोरा साँचो भए फैसलाबमोजिम लागेको सरकारी बिगो जरीवानाको रकम धरौटीको रकमबाट कट्टा गरी बाँकी रकम चुक्ता गरी बुझाउँछन् भने सो रकम बुझिलिई कैदको हकमा यो विन्तिपत्र साथै राखी छुट्टै जाहेर गरी निकासा बक्सेबमोजिम गर्नु, विन्तिपत्रवालालाई जनाउ दिनु भन्ने हुकुम प्रमाङ्गी बक्स मिति २०४१।८।५ मा भएको भन्ने भई सोपछि भएको हुकुमप्रमाङ्गीबमोजिम काठमाडौं जिल्ला अदालतको लगत किताबमा मिति २०४२।८।५ मा लागेको कैदसमेत कट्टा भएको भन्ने निवेदनसाथ पेश भएको मिति २०४२।८।५ को लगतको फोटो र उक्त मिति २०४१।८।८ को विशेष जाहेरी विभागको पत्रको फोटोकपीसमेतबाट देखिएको अवस्था रहेको हुँदा निवेदकलाई लागेको कैद हुकुम प्रमाङ्गीबमोजिम लगत कट्टा भइसकेको छ छैन यकीन नभई थुनामा राख्ने कार्य गर्दा निवेदकलाई अपूरणीय क्षति पुग्नसक्ने हुँदा सुविधा सन्तुलनको दृष्टिकोणसमेतबाट यो निवेदनको अन्तिम किनारा नलागेसम्म निवेदकलाई पक्राउ गर्ने तथा थुनामा राख्ने कार्य नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल भदौ २४ गते रोज ३ शुभम् ।

१०

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WO-०१९३, उत्प्रेषण, *सुशीला गौतमसमेत वि. जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौंसमेत*

निवेदकले काठमाडौं जिल्ला अदालतमा विपक्षी आनन्द गौतमउपर अंश चलन मुद्दा र सबै विपक्षीहरूउपर दूषित लिलाम दाखिल खारेज निर्णय बदर दर्ता बदर मुद्दा २०७०।६।१४ मा दायर गरी विचाराधीन रहेको भन्ने निवेदन व्यहोराबाट देखिन आएको र निवेदकलाई कानूनबमोजिम बाहेक घरबाट हटाउने कार्य गर्दा सुविधा र सन्तुलनको दृष्टिकोणले निवेदकलाई अपूरणीय क्षति पुग्न जाने भई यो निवेदनको टुङ्गो नलागेसम्म निवेदकको बसोबासमा कुनै हस्तक्षेप नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ नियम ४१(१) बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल भदौ ३० गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WO-०१९८, उत्प्रेषण, *अधिवक्ता विष्णुप्रसाद तिमिल्सिना वि. नेपाल विद्युत प्राधिकरण, रत्नपार्क, काठमाडौंसमेत*

विद्युत ऐन, २०४९ को दफा १७ मा विद्युत महसुल निर्धारण गर्न विद्युत महसुल निर्धारण आयोगको गठनको व्यवस्था भएको र विद्युत महसुल निर्धारण नियमावली, २०५० को नियम (६) को व्यवस्थाबमोजिम विद्युत महसुल परिवर्तन गर्दा एक वर्षमा एकपटकमा साविकमा कायम रहेको महसुलमा ५ प्रतिशतमा नबढ्ने गरी मात्र परिवर्तन गर्न पाउने कानूनी व्यवस्था भएकोमा उक्त नियमविपरीत विद्युत महसुल बढाउने कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूका नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल भदौ ३० गते रोज २ शुभम् ।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**